मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल
फोन नं. ०४८-५४०११२

प.स.: २०७८/०७९
च.नं.:

# न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सूचना।

(सूचना प्रकाशन मिति : २०७८/११/०४)

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७९/०८० मा यस मन्थली नगरपालिका मातहत रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुले २०७८ फागुन मसान्त सम्म आफू स्थायी बसोबास गर्ने वडा कार्यालय वा नगरपालिकाको रोजगार सेवा केन्द्रमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनु हुन यो सूचना प्रकाशन गरिएको छ।

**आवश्यक न्यूनतम मापदण्ड:**

१. निवेदक १८ देखि ५९ वर्ष उमेर समुहको हुनु पर्ने,
२. निवेदकको पासपोर्ट साइज फोटो १ प्रति र नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ प्रति,
३. निवेदकको परिवारको सदस्यको नागकिताको प्रमाणपत्रको प्रतिलिपि (उल्लेख गरिएको परिवार संख्या अनुसार सबै सदस्यको विवरण अनिवार्य हुनुपर्ने/पारिवारिक विवरण पुरा हुनुपर्ने),
४. अन्यत्रबाट बसाइसराइ गरी आएको भएमा सो सम्बन्धी प्रमाणपत्र,
५. वार्षिक आम्दानी रु ५७,७०० भन्दा कम भएको परिवार,
६. वैदेशिक रोजगारबाट फर्किएको वा श्रम स्वीकृति लिइ वैदेशिक रोजगारमा जान नपाएको भए पासपोर्ट नम्वर,
७. यस अघि निवेदन दिनुहुने व्यक्तिले पुन:सूचीकृत हुन(नविकरणको लागि) पनि अनिवार्य रुपमा निवेदन दिनुपर्नेछ।

**बेरोजगार छनौट प्रकृयाको प्राथमिकताक्रम निर्धारणका आधार:**

१. कृषि उत्पादनले ३ महिना खान नपुग्ने परिवार,
२. बसोबासका लागि आफ्नै घर नभएको परिवार,
३. एकल महिला घरमूली भएको परिवार,
४.दलित, अल्पसंख्यक वा लोपोन्मुख समुदायको परिवार/सामाजिक सुरक्षा तथा सरकारी कोषबाट कुनै पनि सुविधा नलिएको परिवारको सदस्य/सहिद तथा बेपत्ता परिवारको सदस्य,
५.वैदेशिक रोजगारबाट फर्किएको वा श्रम स्वीकृति लिइ वैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति।

**यस सम्बन्धी थप जानकारीका लागि सम्बन्धित वडा कार्यालय वा नगरपालिकाको रोजगार सेवा केन्द्रमा सम्पर्क राख्नुहोला।**

प्रमुख प्रशासकीय अधिकृत